

# विश्व

## चर्चा

लन्डनमा 'योर कमनवेल्थ' युथ रिसेप्सनमा राजकुमार ह्यारीका साथ पहिलो पहिरणमा उनकी पत्नी मेगान मार्कल। सामाजिक सञ्जालमा मार्कलको पहिरणको ब्राण्ड र मुल्यको व्यापक चर्चा भएको छ।



## डुबान

भारतको नागपुरमा भिषण बर्षापछि नागपुर विधानसभामा भित्र छिरेको पानी हेर्दै विधायकहरु। भिषण बर्षाका कारण नागपुरका कयौं पावर स्टेसन लगायत इलाकाहरु डुबानमा परेका छन्।



2018, JUL
Sunday
8

**विश्व २ मिनेट**

### थाइल्यान्ड
## बहादुर बच्चा

बैंकक, (एजेन्सी)

करिब दुई हप्तादेखि उत्तरी थाइल्यान्डको एक गुफामा फसेकका १२ बच्चाले आफ्ना परिवारजनको नाममा पहिलोपटक लिखित सन्देश पठाएका छन्। केही बच्चाले लेखेका छन्- 'तपाईंहरू चिन्तित नहुनु, हामी सबै बहादुर छौं।' केही बच्चाले भने गुफामा आफूलाई मन पर्ने खाना पठाइदिन भनेका छ। शनिबार बिहान थाइल्यान्डका नौसैनिक गोताखोरको एक दल गुफाबाट उक्त लिखित सन्देश लिएर फर्केका थिए। यसअघि फसेका बच्चाहरूलाई स्वासप्रस्वासमा समस्या नआओस् भनेर गुफामा अक्सिजनको लाइन बिछ्याइएको उद्धार टोलीका वरिष्ठ अधिकारीले बताए। बच्चाहरूले अहिले विद्यालयमा धेरै होमवर्क नदिन पनि आग्रह गरेका छन्।

### बेलायत
## ओखरले शुक्राणु बढ्छ

लन्डन, (एजेन्सी)

एक अनुसन्धानले सुकेको ओखर खानाले पुरुषमा शुक्राणुको गुणस्तर राम्रो हने पत्ता लागेको छ। जुन पुरुषले १४ हप्तासम्म दिनहुँ दुई मुठ्ठी ओखर, बदाम र हेजलनट खाएमा शुक्राणुको शक्ति वृद्धि हुने मात्र नभई त्यसको तैरिने गतिमा पनि वृद्धि हुने वैज्ञानिकहरूले बताए। पश्चिमी देशमा पुरुषको शुक्राणुको संख्यामा गिरावट आइरहेको बताइरहेको बेला उक्त शोध नतिजा सार्वजनिक भएको हो। यसलाई प्रदूषण, धुम्रपान र स्वास्थ्यलाई नोक्सान पुऱ्याउने खुराकसँग जोडेर हेरिएको छ। राम्रो र सन्तुलित खानाले यस समस्यामा नियन्त्रण पाउन सक्ने वैज्ञानिकहरूले बताएका छन्।

### जर्मनी
## पुस्तक विवाद

बर्लिन, (एजेन्सी)

जर्मनीको चर्चित प्रकाशक रेन्डम हाउसले मुस्लिम विरोध भावना भड्कने त्रासले जर्मनीका विवादास्पद लेखक थिलो साराजिनका नयाँ पुस्तक बजारमा ल्याउन अस्वीकार गरेको छ। 'होस्टाइल टेक ओवर : हाउ इस्लाम हेम्पर्स प्रोग्रेस एन्ड थ्रेट्स सोसाइटी' नामक किताबलाई लिएर भइरहेको विवादमा म्यनिखको एक अदालतमा सुनवाइ हुने बताइएको छ। कुरानको आलोचना गरिएको उक्त नयाँ किताब अगस्टको अन्त्यसम्म बजारमा आउने सम्भावना छ। ७४ वर्षीय लेखक साराजिनले सन् २०१६ मा आफूले रेन्डम हाउससँग गरेको सम्झौताविपरीत पुस्तक जारी गर्ने तिथिमा फेरबदल भइरहेको बताएका छन्।

### दक्षिण कोरिया
## महिला सडकमा

सोल, (एजेन्सी)

दक्षिण कोरियाको राजधानी सोलमा हजारौं महिला लुकाइएका क्यामराको मद्दतले लिने गरिएका अन्तरंग तस्वीर तथा भिडियो फैलाउने कार्यविरुद्ध सरकारले कडा कारबाही गर्नुपर्ने माग गर्दै सडकमा उत्रेका छन्। दक्षिण कोरियामा यसले विकराल रुप लिइसकेको र लगातार मानसिक दबाब झेल्नुपरिरहेको महिलाले बताएका छन्। महिलाको मात्र यस प्रदर्शनमा १८ हजारभन्दा बढी प्रदर्शनकारी सहभागी रहेको प्रहरीले बताएको छ। उनीहरूको जानकारीबिना अन्तरंग तस्वीर तथा भिडियो बनाई अनलाइनमा भाइरल गरिरहेका पुरुषविरुद्ध कडा कारबाही हुनुपर्ने माग गरेका छन्।

### अमेरिका-चीन व्यापार युद्ध
# विश्वका सम्पूर्ण देशको अर्थतन्त्र प्रभावित हुने





हङकङ, (एजेन्सी)

विश्वका दुई सबैभन्दा ठूला अर्थतन्त्र व्यापार युद्धको कुरुक्षेत्रमा उत्रिसकेका छन्। युद्ध शुरू भइसकेको छ, तर यसको असर कति खराब हुन सक्छ भन्ने आँकलन कसैले गर्न सकेको छैन।

अमेरिकाले चीनबाट आउने सामानमा व्यापक भन्सार शुल्क लगाउने फैसला गरे र चीनले पनि त्यही स्वरूपमा जवाफ दिने निर्णय गऱ्यो। अमेरिकाले शुक्रबारबाट ३४ अर्ब डलरको चिनियाँ सामान आयातमा २५ प्रतिशत अतिरिक्त भन्सार शुल्क लगाउन थालेको छ। चीनले पनि शुक्रबारदेखि नै अमेरिकी सामानमा पनि भन्सार कर लगायो। अमेरिकाबाट आयात हुने करिब ५ सय ४५ सामानमा उक्त शुल्क लगाइएको सरकारी अखबारले जनाएको छ। चीनको यो फैसलाले पनि ३४ अर्ब डलर बराबर अमेरिकी आयातलाई प्रभावित पार्नेछ।

अमेरिकामा चीनबाट आयात हुने उत्पादनमा अतिरिक्त शुल्क लगाउने फैसलाअनुरूप शुक्रबारदेखि ती वस्तुमाथि २५ प्रतिशत शुल्क लाग्न शुरू गरेको छ। अर्थात् अमेरिकी उपभोक्ताका लागि ती वस्तु अब २५ प्रतिशत महँगो हुनेछ। यसमा चीनमा बनेका सेमिकन्डक्टर चिप पर्छन्। यो चिप टेलिभिजन, कम्प्युटर, स्मार्टफोन, गाडी र देनिक प्रयोग हुने विद्युतीय उपभोग्य सामानहरूमा प्रयोग हुने गर्छ। त्यसै गरी अमेरिकाले प्लास्टिक, परमाणु रिएक्टर र डायरीका सामान बनाउने मेसिनहरूमा पनि अतिरिक्त शुल्क लगाएको छ। अमेरिकाले जुन वस्तुहरूमा अतिरिक्त शुल्क लगाएको हो, तिनीहरू अन्य वस्तु उत्पादनमा प्रयोग हुने गर्छ। त्यसैले यसको असर अन्य वस्तुको उत्पादन र बजारमा पर्न सक्ने पिटर्सन इन्स्टिच्युट अफ इन्टरनेसनलले जनाएको छ।

अमेरिकाले चीनको २०२५ नीतिअनुसार उत्पादन भइरहेका वस्तुहरूमाथि अतिरिक्त शुल्क लगाउन चाहेको छ। चीनले 'मेड इन चाइना-२०२५' नीतिलाई सार्वजनिक गरिसकेको छ। अमेरिकाको यो कदमको बदलामा चीनले पनि अमेरिकी उत्पादनहरूमा अतिरिक्त शुल्क लगाएको छ। चीनले ५ सय ४५ अमेरिकी उत्पादनहरूमा अतिरिक्त भन्सार शुल्क बढाएको छ। अतिरिक्त शुल्क लगाइएका ती वस्तुहरूमा ९१ प्रतिशत उत्पादनको सम्बन्ध कृषिजन्य उत्पादसँग रहेको छ। चीनले सीधै किसान र कृषिसँग जोडिएका उद्यमीमाथि आक्रमणको निसाना बनाएको छ। अमेरिकामा यो समूह अमेरिकी राष्ट्रपति चुनावमा भोट बैंकको महत्त्वपूर्ण हिस्सा मानिन्छ।

चीनले गाडीमा पनि शुल्क बढाएको छ। अब अमेरिकामा बन्ने फियट, टेस्ला, क्राइस्लर जस्ता गाडी चीनमा महँगो हुनेछ। त्यसै गरी मेडिकल सामान, कोइला र कच्चा तेलमा पनि केही शुल्क बढाइएको छ।

यो व्यापार युद्धको शुरूआतसँगै चीनमा चिन्तित व्यापारीले अत्यधिक सावधानी अपनाउन थालेको र विश्वासको वातावरण गुम्दै जाने स्थिति उत्पन्न हुन सक्ने अनिश्चिततालाई रोक्न व्यापक प्रयास भइरहेको देखिन्छ। यदि ती कम्पनीहरू आफ्नो काम विस्तार गर्न र आफ्नो व्यापार विस्तार गर्नबाट पछि हट्छन् भने यसको असर एसिया र अन्य देशमा पनि पर्ने निश्चित छ। यो झगडाले विश्वभरि नै असर पार्ने भए पनि सबैभन्दा धेरै चीन र अमेरिकामै प्रभावित हुने निश्चित छ। व्यापार युद्धले दुवै देशको कुल गार्हस्थ उत्पादनमा शून्य दशमलव २५ प्रतिशत घट्न सक्ने अनुमान गरिएको छ। अर्को वर्ष यो स्थिति झन् बिग्रन सक्ने र विकास दरमा शून्य दशमलव ५ प्रतिशतसम्म कम हुन सक्छ।


चीनको विकास दर ६-७ प्रतिशत र अमेरिकाको २-३ प्रतिशत रहेकोमा चीनको तुलनामा अमेरिकालाई यसले धरै नोक्सान पुऱ्याउन सक्ने अनुमान गरिएको छ।

### अमेरिकाको रवाफ

'अमेरिकाद्वारा इतिहासकै सबैभन्दा ठूलो व्यापार युद्धको शुरूआत गरेपछि चीन आफ्ना नागरिक र देशको हितको रक्षा गर्न सबै आवश्यक तथा जवाफी कदम उठाउन बाध्य छ', चीनको वाणिज्य मन्त्रालयले वेबसाइटमा एक विज्ञप्ति जारी गर्दै भनेको छ- 'यो शुल्क वास्तवमा रवाफ देखाउनु जस्तो हो। जसको विश्व उद्योगमा गम्भीर प्रभाव पर्नेछ। यसले विश्व आर्थिक स्वस्थतामा पनि व्यवधान आउनेछ।'

अमेरिकाको यस कदमले निर्दोष अन्तरदेशीय कम्पनी, सामान्य कम्पनी मात्र नभई विश्वव्यापी ग्राहकमाथि पनि असर पर्ने चीनले बताएको छ। चिनियाँ मन्त्रालयले यस युद्धले अमेरिकी उद्योग तथा ग्राहकलाई पनि प्रभावित गर्ने जनाएको छ। अमेरिकी चेम्बर्स अफ कमर्स इन चाइनाका प्रमुख विलियम जेरिटले ग्लोबल टाइम्सलाई यस प्रकारको व्यापार युद्धको विजेता कोही नहुने बताएका छन्। आयातमाथि एक-अर्कामाथि लगाइएको करले अमेरिका र चीनको अर्थव्यवस्थालाई मात्र नभई विश्वको सबै देश प्रभावित हुने उनले बताए।

## भन्सार शुल्कले अमेरिकी राज्य प्रभावित



वासिङ्टन, (एजेन्सी)

अमेरिकाविरुद्ध लगाइएको १०औं अर्ब डलरको जवाफी अतिरिक्त शुल्कबाट देशको ५० राज्यमा पर्ने असरका विषयमा अमेरिकी चेम्बर अफ कमर्सले एउटा विश्लेषण जारी गरेको छ।

निर्यातमा सबैभन्दा धेरै हिस्सा बोकेका ५ वटा राज्यमा देशको अतिरिक्त करका कारण अन्तर्राष्ट्रिय व्यापारमा आधारित प्रायः रोजगारलाई धक्का पुगेको बताइएको छ। निर्यात लक्षित प्रतिशोधका लागि वासिङ्टन पहिलो राज्य बनेको छ। त्यसमा चीनको अतिरिक्त शुल्क महत्त्वपूर्ण मानिएको छ। यस राज्यमा व्यापारबाटै करिब १० लाख रोजगार धानिरहेको छ। त्यसै गरी दोस्रो अत्यन्त प्रभावित राज्यमा लुजियाना परेको छ। भटमासमा चिनियाँ भन्सार शुल्कका कारण उक्त राज्यको आम्दानी तथा रोजगारमा व्यापक खस्केको छ। कम्तीमा ५ वटा राज्य मात्र यसको न्यून प्रभावमा रहेको बताइएको छ।

अतिरिक्त भन्सार शुल्क लगाइएका निर्यातित वस्तुलाई लिएर अमेरिकाको मोन्टाना र हवाई राज्यमा न्यून असर देखिएको छ। अमेरिकी ५ राज्यमध्ये ३ राज्य क्यानडामा गरिने निर्यातमा लगाइएको अतिरिक्त शुल्कबाट अत्यन्त प्रभावित भएका छन्। करिब ७५ अर्ब डलरको निर्यातित वस्तुमा बदला स्वरूप आएको चीन, युरोपेली युनियन, क्यानडाको अतिरिक्त भन्सार शुल्क लाग्ने चेम्बर अफ कमर्सले जनाएको छ।

# गैंडाको शिकारी बने शेरको आहारा



जोहानेसवर्ग, (एजेन्सी)

दक्षिण अफ्रिकामा एक वन्यजन्तु आरक्षणस्थलमा गैंडाको शिकार गर्न गएका तीन शिकारीलाई शेरले आफ्नो आहारा बनाएको छ। ती तीनैजना सोमबार बिहान सिबुया गेम रिजभ पुगेका थिए। उनीहरूले आफूसँग राइफल र बन्चरो राखेका थिए। रिजर्भका मालिक ६० वर्षीय निक फक्सले बिहीबार उक्त घटनाको जानकारी दिँदै भने- 'उनीहरू सिंहको समूह भएको स्थानमा पुगे। उनीहरूसँग धेरै समय थिएन, त्यहाँ कति सिंह थियो भन्ने हामीलाई पनि यकिन भएन। उनीहरूको शरीरको थोरै मात्र भाग बचेको छ। त्यहाँ तीनैजनाको कपडा फेला परेको छ। मैले उक्त इलाकामा पहिला त्यस्तो भएको कहिल्यै सुनेको छैन।

प्रहरीका फोरेन्सिक अधिकारी घटनास्थलमा पुगेर मृतकको अवशेषको जाँच गरिरहेको फोक्सले बताए। उनले भने- 'हामी बुधबार गएका थियौं। हामीले सबै शेरलाई एनेस्थिसिया दिनका लागि पशु चिकित्सकहरूलाई बोलायौं। मलाई लाग्छ हामी भाग्यशाली थियौं। शिकारी गैंडालाई आफ्नो शिकार बनाउनु पहिल्यै शेरले उनीहरूलाई आफ्नो शिकार बनायो। हामीले सन् २०१६ मा तीन वटा गैंडा गुमाएका थियौं।'

शिकारका कारण अफ्रिकाको जंगलमा २५ हजार गैंडा मात्र बचेका छन्। चीन, भियतनाम र अन्य एसियाली देशमा गैंडाको हड्डीको माग रहेकाले गंडाको शिकार हुने गरेको छ। उक्त घटनाका बावजुद रिजर्भ पर्यटकका लागि खुला राखिने फोक्सले बतायो। उनले भने- 'त्यहाँ अन्य दिनहरूमा जस्तै काम भइरहेको छ, यसलाई लिएर हामीले केही परिवर्तन गरेका छैनौं।'

# व्यापार युद्धबीच ट्रम्पको चुनावी झण्डा चीनमा बन्दै

वासिङ्टन, (एजेन्सी)




अमेरिका र चीनबीच व्यापार युद्ध चलिरहेको छ, तर एक चिनियाँ कम्पनीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चुनाव अभियानका लागि झण्डा तथा व्यानर बनाइरहेको छ। सन् २०२० मा दोस्रो कार्यकालका लागि निर्वाचित हुने आफ्नो अभियानका लागि डोनाल्ड ट्रम्प झण्डा चिनियाँ कम्पनीले बताइरहेका छन्। राष्ट्रपति ट्रम्पकै नीतिका कारण चीनबाट आउने अधिकांश सामानमा अतिरिक्त भन्सार शुल्क लगाइएको छ।

अमेरिकाको नेसनल पब्लिक रेडियोले उक्त समाचार दिएको हो। समाचारअनुसार पूर्वी झेजियाङ प्रान्तको उक्त कारखानाले सन् २०१६ मा पनि हिलारी क्लिन्टन र ट्रम्पको चुनावी अभियानका लागि झण्डा बनाएका थिए। कम्पनीका मालिक ली छियाङले भने- 'हामी २०२० मा पनि ट्रम्पका लागि झण्डा बनाउँछौं। उनी सन् २०२० को चुनावमा पनि मैदानमा उत्रन्छन् भन्ने लागेको छ। के यो ठीक होइन ?'

उनले ट्रम्पको २०२० चुनाव अभियानका लागि झण्डा बनाउनुलाई 'पूर्णरूपमा सामान्य' भएको बताउँदै भने- 'यो त व्यापार हो। हामी अमेरिकाबाट सामान किन्छौं र अमेरिका चीनबाट सामान किनिरहेको छ। जस्तो मेरो गाडी अमेरिकाको हो।' उल्लेखनीय कुरा के हो भने अमेरिका र चीनबीच व्यापारलाई लिएर व्यापक तनावको स्थिति रहेको छ। दुवै देशले एक-अर्कालाई ३४-३४ अर्ब डलरको निर्यातमा दण्डात्मक शुल्क लगाएका छन्। उक्त नयाँ अतिरिक्त शुल्क शुक्रबारबाट लागू भएको छ।